# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली विषयको चारवर्षे बी. ए. को

# पाठ्यक्रम

२०७६

नेपाली विषयको चारवर्षे बी. ए. को
पाठ्यक्रमको पत्रगत रूपरेखा २०७६

१. पाठ्यक्रमको विषयगत उद्देश्य

यस पाठ्यक्रममा निर्धारित विभिन्न पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन् :

- नेपाली भाषा, साहित्य र लोकसाहित्यका विभिन्न पक्ष वा विधाका सम्बन्धमा आधारभूत ज्ञान प्राप्त गर्न र त्यसको प्रयोग गर्न,
- नेपाली भाषा, साहित्य र लोकसाहित्यका ऐतिहासिक तथा सैद्धान्तिक पक्षको बिस्तृत ज्ञान प्राप्त गर्न,
- भाषा, साहित्य र लोकसाहित्यको सैद्धान्तिक ज्ञानका आधारमा नेपाली भाषा, साहित्य र लोकसाहित्यको विवेचना गर्न,
- शोधविधिको ज्ञानका साथै नेपाली भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी शोधकार्य गर्न,
- नेपाली भाषा, नेपाली साहित्य र लोकसाहित्यमा सृजनात्मक, समालोचनात्मक तथा अनुसन्धानात्मक कार्य गर्न,
- नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिका र पुस्तक तथा अन्य सामग्रीहरूको सम्पादन गर्न,
- नाटक, रङ्गमञ्च र रङ्गकर्मबारे आधारभूत ज्ञान र सीप प्राप्त गर्न ।

**२. नेपाली बी. ए. तहका निम्ति प्रवेश योग्यता तथा भर्ना**

(क) उच्चमाध्यमिक शिक्षापरिषद्बाट जुनसुकै विषय लिई दश जोड दुई उत्तीर्ण वा मान्यताप्राप्त संस्थाबाट जुनसुकै विषयमा तत्समकक्ष परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरू बी. ए. नेपालीमा भर्ना हुन सक्नेछन् । भर्ना प्रक्रिया त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालयले तय गरेबमोजिम हुनेछ ।

**३. बी. ए. नेपाली विषयको पाठ्यक्रमको रूपरेखा**

| पत्र | पत्रसङ्केत (वर्ष) | पाठ्यांश शीर्षकहरू | अङ्कभार |
|---|---|---|---|
| १. | नेपाली ४२१ (पहिलो वर्ष) | आधुनिक नेपाली कथा, उपन्यास र नाटक<br>१. नेपाली कथा ३५<br>२. नेपाली उपन्यास ३०<br>३. नेपाली नाटक ३५ | १०० |

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर
मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय त्रि. वि. कीर्तिपुर

| | | | |
|---|---|---|---|
| २. | नेपाली ४२२<br>(पहिलो वर्ष) | आधुनिक नेपाली कविता-काव्य<br>१. नेपाली फुटकर कविता ५०<br>२. नेपाली खण्डकाव्य र महाकाव्य ५० | १०० |
| ३. | नेपाली ४२३<br>(दोस्रो वर्ष) | नेपाली लोकसाहित्य र पूर्वआधुनिक नेपाली साहित्य<br>१. नेपाली लोकसाहित्य २०<br>२. पूर्वआधुनिक साहित्य ८० | १०० |
| | | | |
| ५. | नेपाली ४२४<br>(दोस्रो वर्ष) | आधुनिक नेपाली निबन्ध, यात्रासाहित्य र अन्य साहित्य<br>आधुनिक नेपाली निबन्ध ५०<br>नेपाली यात्रासाहित्य २५<br>अन्य साहित्य २५ | १०० |
| ७. | नेपाली ४२५<br>(तेस्रो वर्ष) | ऐच्छिक विशेष अध्ययन (दुई समूहबाट एक / एक पाठयांश लिनुपर्ने)<br>समूह १. प्रायोगिक कार्यात्मक विशेष अध्ययन | |
| | | ४२५क. शोधपत्र | ५० |
| | | ४२५ख. सिर्जनात्मक पत्र | ५० |
| | | ४२५ग. नेपाली वाक्कला | ५० |
| | | समूह २. विधागत विशेष अध्ययन | |
| | | ४२५घ. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण (२०३६) पछि<br>क. नेपाली फुटकर कविता (२०३६ पछि)<br>ख. नेपाली खण्डकाव्य (२०३६ पछि) | ५० |
| | | ४२५ङ.आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरण<br>क. आधुनिक नेपाली कथा (२०३६ पछि)<br>ख. आधुनिक नेपाली उपन्यास (२०३६ पछि) | ५० |
| | | ४२५च. आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण<br>क. आधुनिक नेपाली नाटक (२०३६ पछि) | ५० |

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

| | | | |
|---|---|---|---|
| | | ख. आधुनिक नेपाली एकाङ्की (२०३६ पछि)<br>ग. आधुनिक नेपाली गीतिनाटक (२०३६ पछि)<br>४२५छ. आधुनिक नेपाली निबन्ध र अन्य साहित्यको उत्तरवर्ती चरण<br>क. आधुनिक नेपाली निबन्ध (२०३६ पछि)<br>ख. आधुनिक नेपाली अन्य साहित्य (२०३६ पछि)<br>४२५ज. नेपाली बालसाहित्यको अध्ययन | ५०<br>५० |
| ६. | नेपाली ४२६ (क) (चौथो वर्ष) | भाषाविज्ञान र नेपाली भाषा | ५० |
| | नेपाली ४२६ (ख) (चौथो बर्ष) | आधुनिक नेपाली गीत तथा गजल | ५० |
| ४. | नेपाली ४२७ (चौथो बर्ष) | साहित्य सिद्धान्त, नेपाली समालोचना र शोधविधि<br>क. साहित्य सिद्धान्त ५०<br>ख. नेपाली समालोचना २५<br>३. शोधविधि तथा प्राज्ञिक लेखन २५ | १०० |
| ६. | नेपाली ४१० (तेस्रो बर्ष) (नेपाली मूल विषय नलिने विद्यार्थीहरूका लागि) | नेपाली पत्रकारिता (सैद्धान्तिक तथा कार्यमूलक पत्र) | १०० |

### ४.१ शिक्षणविधि

प्रत्येक एकाइमा आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य आदिको प्रस्तुतीकरण जस्ता विधिको उपयोग गरिनेछ । पाठ्यविषयको प्रकृतिअनुसार विद्यार्थीहरूबाट गरिने समूहकार्य र कक्षाप्रस्तुति, परियोजना कार्य र गोष्ठीपत्र, अध्ययनपत्र लेखन (व्यक्तिगत र समूहगत), छलफल र प्रस्तुति जस्ता प्रायोगिक कार्यतर्फ विशेष जोड दिई पाठ्यांशको आवश्यकताको परिपूर्ति गरिनेछ । कक्षाको स्थिति हेरी विषय शिक्षकले शिक्षण विधिको निर्धारण गर्न सक्नेछन् । एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भ पुस्तक, तालिका र आरेखहरूको पनि उपयोग गरिनेछ ।

## ५. मूल्याङ्कन प्रक्रिया

उपर्युक्त पाठ्यांशको मूल्याङ्कन प्रक्रिया दुई प्रकृतिको हुनेछ :

(१) आन्तरिक मूल्याङ्कन

(२) बार्षिक परीक्षा

### ५.१ आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि ३०% अङ्कभार छुट्ट्याइएको छ । उक्त मूल्याङ्कन कार्य सम्पन्न गर्न निर्दिष्ट पाठ्यवस्तुअन्तर्गत रही विषय शिक्षकले निम्न आधारहरू अवलम्बन गर्नुपर्नेछ :

(क) पहिलो आन्तरिक मूल्यांकन - १० अङ्क

(ख) दोस्रो आन्तरिक मूल्यांकन - १० अङ्क

पहिलो र दोस्रो आन्तरिक मूल्याङ्कनमा निम्न किसिमका कार्यहरू समावेश गर्नुपर्नेछ :

(क) पहिलो आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य/पुस्तकालय कार्य/पुस्तक वा लेख पुनरवलोकन, कक्षागत सुधार परीक्षा आदि ।

(ख) दोस्रो आन्तरिक मूल्याङ्कनका लागि परियोजना कार्य, अवस्था/घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन वा आन्तरिक परीक्षा आदि ।

उपर्युक्त पहिलो तथा दोस्रो आन्तरिक मूल्याङ्कनका निम्ति विषयको प्रकृति हेरी सम्बद्ध शिक्षकले कुनै एक वा एकभन्दा बढी पद्धतिको निर्धारण गर्न सक्नेछन् ।

### ५.२ वार्षिक परीक्षा

(क) **वार्षिक** परीक्षा त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट लिइनेछ ।

(ख) **वार्षिक** परीक्षामा सहभागी हुनका लागि सबै आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ग) **वार्षिक** परीक्षामा सहभागी हुनका लागि ७०% उपस्थिति अनिवार्य हुनेछ ।

(घ) १०० पूर्णांकको सत्रान्त परीक्षाको समय तीन घण्टा र ५० पूर्णांकको **वार्षिक** परीक्षाको समय साढे एक घण्टाको हुनेछ ।

(ङ) **वार्षिक** परीक्षाका लागि विस्तृत उत्तरात्मक, संक्षिप्त उत्तरात्मक, प्रायोगिक/बोधात्मक/ सप्रसङ्ग व्याख्यात्मक प्रकृतिका प्रश्नहरू सोधिनेछन् ।

(च) विस्तृत उत्तरात्मक तथा संक्षिप्त उत्तरात्मक प्रश्नहरूमा वैकल्पिक प्रश्नहरू रहनेछन् भने प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक प्रश्नमा वैकल्पिक प्रश्नहरू रहनेछैनन् । एउटा प्रश्नको उत्तरका लागि दुईवटा, दुईवटा प्रश्नका लागि तीनवटा र तीनवटा प्रश्नका लागि पाँचवटाको अनुपातमा वैकल्पिक प्रश्नहरूको व्यवस्था हुनेछ ।

(छ) सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नहरूमा स्रोतसन्दर्भ खुलाइनेछ ।

प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर
त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
मानविकी तथा सामाजिक शास्त्र संकायको डिनको कार्यालय त्रि. वि., कीर्तिपुर

## ६. श्रेणी निर्धारण

प्रत्येक पत्रका निम्ति निर्धारित प्रत्येक पाठ्यांशमा न्यूनतम ४०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनुपर्ने छ र ४०% भन्दा माथिल्लो अङ्क प्राप्त गर्ने परीक्षार्थीको अक्षर प्रणालीअनुसार श्रेणी निर्धारण हुनेछ। श्रेणी निर्धारण विद्या परिषद्ले मानविकी संकायका लागि निर्धारण गरेअनुसार हुनेछ।

## ७. विविध

(क) यो पाठ्यक्रम शैक्षिक सत्र वि.सं. २०७६/०७७ देखि लागू हुनेछ।

(ख) यस पाठ्यक्रमको पढाइ वार्षिक प्रणालीअनुसार चार बर्षमा पूरा हुनेछ।

(घ) ऐच्छिक पाठ्यांशहरूको पढाइ विभागले निर्धारण गरेअनुसार हुनेछ। ऐच्छिक पाठ्यांशहरू विभागद्वारा आफ्नो साधनस्रोतअनुसार निर्धारण गरिनेछन्।

मानविकी तथा सामाजिक शास्त्र संकाय डिनको कार्यालय त्रि. वि., कीर्तिपुर

प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर

पाठ्यांश शीर्षक : आधुनिक नेपाली कथा, उपन्यास र नाटक
पाठ्यांश कोड : नेपाली ४२१ तह : बी. ए.
प्रतिहप्ता कक्षाभार : ६ वर्ष : पहिलो
पूर्णांक : १००
१. नेपाली कथा ३५
२. नेपाली उपन्यास ३०
३. नेपाली नाटक ३५
जम्मा पूर्णाङ्क १००

पाठ्यांशको उद्देश्य

(क) नेपाली कथाको स्वरूप, परिचय, प्रकार, नेपाली कथाको विकास प्रक्रिया, प्रमुख नेपाली कथाकार र तिनका प्रतिनिधि कथाहरूको प्रवृत्तिगत विशेषताबारे विवेचना गर्ने,

(ख) उपन्यासको विधागत चिनारीका साथै नेपाली उपन्यासको विकासप्रक्रिया, प्रमुख नेपाली उपन्यासकार र तिनका प्रतिनिधि उपन्यासहरूको प्रवृत्तिगत विशेषताको विवेचना गर्ने,

(ग) नेपाली नाटकका सैद्धान्तिक चिनारीका साथै नाटकका उपविधाहरू (पूर्णाङ्की, लघुनाटक वा एकाङ्की र गीतिनाटकसमेत) को स्वरूप, नेपाली नाटकको विकास प्रक्रिया, प्रमुख नेपाली नाटककार र तिनका प्रतिनिधि नाटकहरूको प्रवृत्तिगत विशेषताको विवेचना गर्ने ।

**एकाइ १ आधुनिक नेपाली कथाको अध्ययन** ५२

(क) साहित्यका मुख्य विधाका सापेक्षतामा कथाको विधागत स्वरूप, कथाको परिभाषा, तत्त्व र प्रकारहरू ।

(ख) आधुनिक नेपाली कथाको विकासप्रक्रिया
आधुनिक नेपाली कथाको प्रवर्तन तथा विकासप्रक्रियाका चरण र धारागत प्रवृत्ति एवं तिनका प्रमुख प्रतिभा र उपलब्धिको विवेचना

(ग) प्रमुख नेपाली कथाकार र तिनका कथाको विवेचना

(अ) निर्धारित कथाकारका प्रवृत्तिगत मुख्य विशेषताको विवेचना

(आ) निर्धारित कथाको पठन, बोध र आस्वादन एवं कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु, भाषाशैली, उद्देश्य, बिम्वप्रतीक र प्रस्तुतिसम्वन्धी विशेषताको विवेचना

इ) विषयवस्तु, भाषाशैली र अन्य कलागत विशेषताका आधारमा निर्धारित कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या ।

ई) निर्धारित कथाकार र तिनका कथाहरू

१) गुरुप्रसाद मैनाली : शहीद,
२) विश्वेश्वरप्रसाद कोइराला : मधेशतिर,
३) भवानी भिक्षु : सावित्रीको बाख्रो,
४) गोविन्दबहादुर मल्ल गोठाले : मैले सरिताको हत्या गरें
५) इन्द्रबहादुर राई : खीर
६) रमेश विकल : फुटपाथ मिनिस्टर्स,
७) पारिजात : सिटीहलको बूढो ज्यामी,
८) प्रेमा शाह : लोग्ने
९) मनु ब्राजाकी : मान्यो च्याङ्बा मान्यो
१०) प्रदीप नेपाल : फेवाको सुस्केरा (फेवाको सुस्केरा कथासंग्रहबाट)

**एकाइ २ आधुनिक नेपाली उपन्यासको अध्ययन** ४५

(क) साहित्यका मुख्य विधाका सापेक्षतामा उपन्यासको विधागत स्वरूप, उपन्यासको परिभाषा, तत्त्व र प्रकार ।

(ख) आधुनिक नेपाली उपन्यासको बिकासप्रक्रिया

आधुनिक नेपाली उपन्यासको बिकासप्रक्रियाका चरण र धाराका मुख्य प्रवृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिको बिवेचना ।

(ग) प्रमुख उपन्यासकार र तिनका उपन्यासको विवेचना

अ) निर्धारित उपन्यासकारहरूको प्रबृत्तिगत विशेषताको विवेचना

आ) निर्धारित उपन्यासकृतिको पठन, बोध र आस्वादनका साथै तिनका कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, बिम्बप्रतीकसम्बन्धी विशेषताको विवेचना

इ) विषयवस्तु, भाषाशैली र अन्य कलागत विशेषताका आधारमा निर्धारित उपन्यासकृतिका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

ई) निर्धारित उपन्यासकार र तिनका उपन्यासहरू

१. लैनसिंह बाङ्देल : मुलुक बाहिर

२. पारिजात : अनिदो पहाडसँगै

३. विश्वेश्वरप्रसाद कोइराला : तीन घुम्ती

४. ध्रुवचन्द्र गौतम : अप्रिय

५. नयनराज पाण्डे : उलार

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

**एकाइ ३ आधुनिक नेपाली नाटकको अध्ययन** ५३

क) साहित्यका मुख्य विधाका सापेक्षतामा नाटकको विधागत स्वरूप, नाटकको परिभाषा, तत्त्व र नाटकका उपविधाहरू : नाटक (पूर्णाङ्की), लघुनाटक (एकाङ्की) र गीतिनाटकसमेत

(ख) आधुनिक नेपाली नाटकको विकासप्रक्रिया

आधुनिक नेपाली नाटक (लघुनाटक र गीतिनाटकसमेत) को विकासप्रक्रियाका चरण, प्रमुख धाराका मुख्य प्रबृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिको बिवेचना

ग) निर्धारित नाटककार तथा तिनका नाट्यकृतिको बिवेचना

अ) निर्धारित नाटककार तथा गीतिनाटकारका मुख्य प्रवृत्तिको बिवेचना

आ) निर्धारित नाटक र गीतिनाटकको पठन, बोध र आस्वादनका साथै तिनका कथावस्तु, पात्र, परिवेश, भावविधान, संवाद, अङ्कदृश्यविधान, उद्देश्य, रङ्गमञ्चीयता, गीत र भाषाशैलीका साथै अन्य प्रस्तुतिगत कलापक्षका विशेषताको बिवेचना

इ) विषयवस्तु, भाषाशैली र अन्य कलापक्षसम्बन्धी बिशेषताका आधारमा निर्धारित नाटक/लघुनाटक र गीतिनाटकका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

ई) निर्धारित नाटककार तथा तिनका नाटक

१. बालकृष्ण सम : अन्धवेग

२. गोपालप्रसाद रिमाल : मसान

३. विजय मल्ल : मानिस र मुखुन्डो

४. मोहनराज शर्मा : बैकुण्ठ एक्सप्रेस

उ) निर्धारित लघुनाटककार तथा तिनका लघुनाटकको बिवेचना

१. हृदयचन्द्रसिंह प्रधान : गङ्गालालको चिता

२. भीमनिधि तिवारी : साँढे

३. गोविन्द गोठाले : क्रान्तिको पृष्ठभूमि

४. सरुभक्त : निमाबीय

ऊ) निर्धारित गीतिनाटककार तथा गीतिनाट्यको विवेचना

१. माधव घिमिरे : अश्वत्थामा

पाठ्यपुस्तक

आधुनिक नेपाली नाटक भाग १, साझा प्रकाशन, काठमाडौं ।
कोइराला, विश्वेश्वरप्रसाद, तीन घुम्ती, साझा प्रकाशन, काठमाडौं ।
गौतम, ध्रुवचन्द्र, अप्रिय, ओरिएन्टल प्रकाशन, काठमाडौं ।
घिमिरे, माधवप्रसाद, अश्वत्थामा, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।
नेपाली कथा भाग २, साझा प्रकाशन, काठमाडौं ।
पारिजात, अनिदो पहाडसँगै, (पारिजातका संकलित रचनाहरू (ग्रन्थ २ बाट) निर्माण प्रकाशन, सिक्किम ।
पाण्डे, नयनराज, उलार, फाइन प्रिन्ट, काठमाडौं ।
बाङ्देल, लैनसिंह, मुलुकबाहिर, रत्न पुस्तक भण्डार, काठमाडौं ।
मल्ल विजय, मानिस र मुखुन्डो (स्मृतिको पर्खालभित्रमा प्रकाशित), नेराप्र.प्र. काठमाडौं ।
मोहनराज शर्मा, वैकुण्ठ एक्सप्रेस, वीणा प्रकाशन, काठमाडौं ।
रिमाल, गोपालप्रसाद : मसान, साझा प्रकाशन, काठमाडौं ।
सम, बालकृष्ण, अन्धवेग, साझा प्रकाशन, काठमाडौं ।

सहायक पुस्तक

उपाध्याय, केशवप्रसाद, नाटकको अध्ययन, साझा प्रकाशन, काठमाडौं ।
उपाध्याय, केशवप्रसाद, नेपाली नाटक तथा रङ्गमञ्च : उद्भव र विकास, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।
उपाध्याय, केशवप्रसाद, नेपाली नाटक र नाटककार, साझा प्रकाशन, काठमाडौं ।
नेपाल, घनश्याम, आख्यानका कुरा, एकता प्रकाशन, काठमाडौं ।
प्रधान, कृष्णचन्द्रसिंह, नेपाली उपन्यास र उपन्यासकार, साझा प्रकाशन, काठमाडौं ।
बराल, ईश्वर (सम्पा), झ्यालबाट, साझा प्रकाशन, काठमाडौं ।
बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास-सिद्धान्त र नेपाली उपन्यास, साझा प्रकाशन, काठमाडौं ।
राई, ईन्द्रबहादुर, नेपाली उपन्यासका आधारहरू, दार्जिलिङ ।
शर्मा, हरिप्रसाद, कथाको सिद्धान्त र विवेचना, साझा प्रकाशन, काठमाडौं ।
सुवेदी, राजेन्द्र, नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, भूमिका प्रकाशन, वाराणसी ।

**सन्दर्भ पुस्तक**

उपाध्याय, केशवप्रसाद, रिमाल : व्यक्ति र कृति, साझा प्रकाशन, काठमाडौं ।
उपाध्याय, केशवप्रसाद, समको दुःखान्त नाट्यचेतना, नेराप्रप्र, काठमाडौं ।
गौतम, लक्ष्मणप्रसाद र ज्ञानू अधिकारी, नेपाली कथाको इतिहास, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।
घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, आख्यानकार पारिजात, काठमाडौं ।
त्रिपाठी, वासुदेव, विचरण, भानु प्रकाशन, झापा ।
पराजुली, राजेन्द्र र विप्लव ढकाल (सम्पा), नेपाली नाटकको समकालीन सन्दर्भ, तन्नेरी प्रकाशन, काठमाडौं ।
पौडेल, गोपीन्द्र, कथाको सौन्दर्यशास्त्र, उर्मिला पौडेल, काठमाडौं ।
बराल, ऋषिराज, उपन्यासको सौन्दर्यशास्त्र, साझा प्रकाशन, काठमाडौं ।

मल्ल, विजय, नाटक एक चर्चा, नेराप्रप्र, काठमाडौं ।
'यात्री', कृष्ण शाह, प्रतिनिधि नेपाली नाटक, विवेक सिर्जनशील प्रकाशन, काठमाडौं ।
लुइटेल, खगेन्द्रप्रसाद, नेपाली उपन्यासको इतिहास, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
शर्मा, तारानाथ, सम र समका कृति, साझा प्रकाशन, काठमाडौं ।
शर्मा, हरिप्रसाद, विश्वेश्वरप्रसाद कोइरालाका कथा, साझा प्रकाशन, काठमाडौं ।
सुवेदी, देवीप्रसाद, समको सुखान्त नाट्यकारिता, एकता प्रकाशन, काठमाडौं ।

पाठ्यांश शीर्षक : आधुनिक नेपाली कविता-काव्य
पाठ्यांश कोड : नेपाली ४२२
प्रतिहप्ता कक्षाभार : ६
पूर्णांक : १००

तह : बी. ए.
वर्ष : पहिलो
१. नेपाली फुटकर कविता ५०
२. नेपाली खण्डकाव्य र महाकाव्य ५०
जम्मा पूर्णाङ्क १००

पाठ्यांशको उद्देश्य : प्रस्तुत पाठ्यांशको पठनबाट विद्यार्थीहरूले देहायबमोजिमको ज्ञान तथा कौशल आर्जन गर्नेछन् :

(क) कविताको परिभाषा, तत्त्व तथा प्रकारसमेतको सैद्धान्तिक ज्ञानका आलोकमा आधुनिक नेपाली कविताको विकासप्रक्रियाको निरूपणका साथै प्रमुख कविहरूका काव्य प्रवृत्ति र तिनका फुटकर कविताको विवेचना गर्ने,

(ख) खण्डकाव्य तथा महाकाव्यको सैद्धान्तिक ज्ञानका आलोकमा आधुनिक नेपाली खण्डकाव्य तथा महाकाव्यको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै प्रमुख खण्डकाव्यकार तथा महाकाव्यकारहरूका खण्डकाव्यगत तथा महाकाव्यगत प्रवृत्ति र तिनका खण्डकाव्य तथा महाकाव्य कृतिहरूको विवेचना गर्ने ।

**एकाइ १ आधुनिक नेपाली कविताको अध्ययन** ७५

क) साहित्यका मुख्य विधाका सापेक्षतामा कविताको स्वरूप, परिभाषा, तत्त्व तथा प्रकार

ख) आधुनिक नेपाली कविताको विकासप्रक्रियाका चरण र धाराहरूका मुख्य प्रवृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिको विवेचना

ग) आधुनिक नेपाली फुटकर कविताको विवेचना

अ) निर्धारित कविहरूका मुख्य प्रवृत्तिगत विशेषता

आ) निर्धारित कविताको पठन, बोध र आस्वादनका साथै तिनका विषयवस्तु, भावविचार, कथनपद्धति, लयविधान, अलङ्कार, बिम्बप्रतीक र भाषाशैलीसम्बन्धी विशेषताको विवेचना

इ) भावविचार, लय, भाषाशैली र विविध कलात्मक विशेषताका आधारमा निर्धारित कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

ई) निर्धारित कवि र तिनका कविता

१) लेखनाथ पौडयाल : गौंथलीको चिरिबिरी (१),
२) बालकृष्ण सम : मृत्युपछिको अभिव्यञ्जन,
३) लक्ष्मीप्रसाद देवकोटा : पागल,
४) सिद्धिचरण श्रेष्ठ : मेरो प्रतिबिम्ब,
५) युद्धप्रसाद मिश्र : ज्वालामुखीका शिखा,
६) गोपालप्रसाद रिमाल : सपनामा,
७) भूपि शेरचन : घुम्ने मेचमाथि अन्धो मान्छे,
८) मोहन कोइराला : घाइते युग,
९) वैरागी काइँला : मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित,
१०) ईश्वरबल्लभ : रिक्तताको देवता हेर्न मन लाग्यो,
११) वानीरा गिरी : काठमाडौं एउटा ग्यालीपुफ,
१२) विमल निभा : बसन्त
१३) कृष्ण भूषण बल : पर्खनुपर्छ

**एकाइ २ आधुनिक नेपाली खण्डकाव्य (लामो कवितासमेत) को अध्ययन** ३८

क) खण्डकाव्यको विधागत स्वरूप, परिभाषा, तत्त्व तथा प्रकार

ख) आधुनिक नेपाली खण्डकाव्य (लामो कवितासमेत) को विकासप्रक्रियाका चरण, धारागत प्रवृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिको विवेचना

ग) निर्धारित खण्डकाव्यकारका खण्डकाव्यकारिताको प्रवृत्तिगत विशेषताको विवेचना

घ) निर्धारित खण्डकाव्य (लामो कवितासमेत) को पठन, बोध र आस्वादनका साथै विषयवस्तु, संरचना (आख्यानात्मक/सूक्ष्मआख्यानात्मक/भावप्रवाहात्मक), कथनपद्धति, सर्गविधान, लयविधान, भावविधान, अलङ्कार, बिम्बप्रतीक तथा भाषाशैलीसम्बन्धी विशेषता तथा उपलब्धिको विवेचना ।

ङ) भाव, विचार, लयविधान र भाषाशैलीका आधारमा निर्धारित खण्डकाव्य (लामो कविताबाहेक) का विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

निर्धारित खण्डकाव्यहरू

१) लक्ष्मीप्रसाद देवकोटा : कुन्जिनी

२) बालकृष्ण सम : आगो र पानी

३) मोहन कोइराला : हिमाल आरोहण माग्छ (लामो कविता)

४) वासुदेव त्रिपाठी : अर्धनारीश्वर

५) घनश्याम कँडेल : धृतराष्ट्र

**एकाइ ३ आधुनिक नेपाली महाकाव्यको अध्ययन** ३७

क) महाकाव्यको विधागत स्वरूप, परिभाषा, तत्त्व र प्रकार,

ख) आधुनिक नेपाली महाकाव्यको विकासप्रक्रियाका चरण, धारागत प्रवृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिको विवेचना

ग) निर्धारित महाकाव्यकारका महाकाव्यकारिताका प्रवृत्तिगत विशेषताको विवेचना

घ) निर्धारित महाकाव्यहरूको पठन, बोध र आस्वादनका साथै तिनका विषयवस्तु (कथावस्तु, चरित्र आदि), सर्गविधान, लयविधान, कथनपद्धति, भाषाशैली र अलंकारसम्बन्धी विशेषताको विवेचना

ङ) भाव, विचार, लयविधान, अलङ्कार भाषाशैली र अन्य कलात्मक विशेषताका आधारमा निर्धारित महाकाव्यका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या ।

निर्धारित महाकवि र तिनका निर्धारित महाकाव्यहरू

लक्ष्मीप्रसाद देवकोटा : सुलोचना

उमानाथ शास्त्री सिन्धुलीय : मकवानी बाला

**पाठ्यपुस्तक**

उमानाथ शास्त्री सिन्धुलीय, मकवानी बाला, साझा प्रकाशन, काठमाडौं ।

कँडेल, घनश्याम, धृतराष्ट्र, ऐरावती प्रकाशन, काठमाडौं ।

कोइराला, मोहन, हिमाल आरोहण माग्छ, (एउटा पपलरको पात काव्यसङ्ग्रहबाट), काठमाडौं ।

त्रिपाठी, वासुदेव, अर्धनारीश्वर ('तीन धुंगा' काव्यसङ्ग्रहबाट), नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

देवकोटा, लक्ष्मीप्रसाद, कुन्जिनी, साझा प्रकाशन, काठमाडौं ।

देवकोटा, लक्ष्मीप्रसाद, सुलोचना, साझा प्रकाशन, काठमाडौं ।

नेपाली कविता भाग २ र ३, साझा प्रकाशन, काठमाडौं ।

सम, बालकृष्ण, आगो र पानी, साझा प्रकाशन, काठमाडौं ।

सहायक/सन्दर्भ पुस्तक

अवस्थी, महादेव, आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, इन्टेलेक्च्युअल बुक प्यालेस, काठमाडौं ।

अवस्थी, महादेव, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, एकता प्रकाशन, काठमाडौं ।

गौतम, कृष्ण, देवकोटाका प्रबन्धकाव्य, साझा प्रकाशन, काठमाडौं ।

जोशी, कुमारबहादुर, देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौं ।

जोशी, कुमारबहादुर, महाकवि देवकोटा र उनका महाकाव्य, साझा प्रकाशन, काठमाडौं ।

त्रिपाठी, वासुदेव (सम्पा), नेपाली साहित्य शृङ्खला, भाग १ र २, एकता प्रकाशन, काठमाडौं ।

त्रिपाठी, वासुदेव, नेपाली कविताको सिंहावलोकन, साझा प्रकाशन, काठमाडौं ।

पाण्डेय, ताराकान्त, समसामयिक कविताको संरचना, सन्दीप गिरी, काठमाडौं ।

पौडेल, हेमनाथ, प्रगतिवादी दृष्टिमा कवि र कविता, पैरवी प्रकाशन, काठमाडौं ।

पौडेल, हेमनाथ, प्रगतिवाद र कवितासम्बन्धी मान्यता, पैरवी प्रकाशन, काठमाडौं ।

रिमाल, राममणि, नेपाली काव्य र कवि, साझा प्रकाशन, काठमाडौं ।

लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेराप्रप्र, काठमाडौं ।

शर्मा, तारानाथ, समसामयिक साझा कविता, साझा प्रकाशन, काठमाडौं ।


गौतम

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

पाठ्यांश शीर्षक : नेपाली लोकसाहित्य र पूर्वआधुनिक नेपाली साहित्य

पाठ्यांश कोड : नेपाली ४२३ तह : बी. ए.

प्रतिहप्ता कक्षाभार : ६ बर्ष : दोस्रो

पूर्णांक : १०० १. नेपाली लोकसाहित्य २०

२. पूर्वआधुनिक नेपाली साहित्य ८०

जम्मा पूर्णाङ्क १००

पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको पठनबाट विद्यार्थीहरूले देहायबमोजिमको ज्ञान तथा कौशल आर्जन गर्नेछन् :

(क) लोकसाहित्यको परिभाषा, तत्त्व तथा प्रकारसमेतको सैद्धान्तिक ज्ञानका आलोकमा नेपाली लोकसाहित्यको विधागत विशेषताको निरूपणका साथै नेपाली लोकसाहित्यको विवेचना गर्ने,

(ख) पूर्व आधुनिक नेपाली साहित्यको प्रारूप र पृष्ठभूमिको जानकारीका साथै प्राथमिक तथा माध्यमिक कालका प्रेरक सन्दर्भ, कालनिर्धारणको आधार र विभिन्न कृतिकार र तिनका प्रवृत्तिगपत विशेषताको निरूपणसहित विभिन्न बिधाका कृतिहरूको विवेचना गर्ने ।

**एकाइ १ नेपाली लोकसाहित्यको अध्ययन** ३०

१) लोकसाहित्यको चिनारी : परिभाषा र मुख्य विशेषता,
२) लोकसाहित्यका विभिन्न विधाहरूको बर्गीकरण,
३) लोकसाहित्यिक विधा (लोकगीत, लोककविता, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा) को स्वरूप र तत्त्व ।
४. नेपाली लोकगीतका प्रकार : प्रार्थनागीत, संस्कारगीत, पर्वगीत, श्रमगीत, बाह्रमासे, देउडा, सँगिनी, चुड्का र दोहोरी गीतको परिचय,
५. नेपाली लोकपद्य (सिलोक) को परिचय,
६. नेपाली लोकगाथाका प्रमुख प्रकार : कर्खा, भारत, सवाई, चैत र चाँचरीको परिचय,
७. नेपाली लोककथाका प्रमुख प्रकार : पौराणिक कथा, परीकथा र नीतिकथाको परिचय,
८. नेपाली लोकनाटकका प्रमुख प्रकार : सोरठी, घाटु, नचरी, बालुन र लीलाको परिचय,
९. नेपाली उखान र टुक्काको परिचय,
१०. नेपाली गाउँखाने कथाको परिचय ।

**एकाइ दुई : पूर्वआधुनिक नेपाली साहित्य** ६०

क) पूर्वआधुनिक नेपाली साहित्यको पृष्ठभूमि र प्राथमिक कालको अध्ययन

१) पूर्वप्राथमिककालीन साहित्यको प्रारूप

२) पूर्वप्राथमिक पद्यको प्रारूपको अध्ययन

अ) संस्कारगीत (सगुन : देवकान्त पन्थको 'डोट्याली लोकसाहित्य' बाट)

आ) चाँचरी गीत (रिपुमल्लकी चाँचरी : देवकान्त पन्थको 'डोट्याली लोकसाहित्य' बाट)

इ सोरठी (चूडामणि बन्धुको 'लोकसाहित्य' बाट)

ई) विष्णुदास : वडे राजा मलयवम्म

३) पूर्वप्राथमिक गद्यको प्रारूपको अध्ययन

अ) पुण्य मल्लको ताम्रपत्र (वि.सं. १३९३)

आ) खण्डखाद्यको निर्धारित अंश
इ) गगनिराजको यात्रावृत्तान्तको निर्धारित अंश (इतिहासप्रकाशबाट)
ई) जसवन्त सिंहको 'लक्षणसार' को निर्धारित अंश

४) नेपाली साहित्यको इतिहासको कालविभाजन
अ) कालविभाजनसम्बन्धी विभिन्न मतको समीक्षा र निष्कर्ष ।
आ) प्राथमिक कालको अभिलक्षण : युगीन वातावरणगत, प्रभाव स्रोतगत, धारागत, भाषागत, विधागत र शैलीगत अभिलक्षण
इ) माध्यमिकालका अभिलक्षण : युगीन साहित्यिक र साहित्येतर वातावरण, प्रभावस्रोतगत तथा धारागत विस्तार र विधागत तथा भाषाशैलीगत सचेतता

५) नेपाली साहित्यको प्राथमिक कालको अध्ययन
१) युगीन पृष्ठभूमि
२) प्राथमिककालीन पद्यसाहित्यका प्रमुख धारा (वीरधारा, कृष्णभक्तिधारा, रामभक्तिधारा, निर्गुणभक्तिधारा) का प्रतिभा र प्रवृत्ति
३) प्राथमिक कालका निम्नलिखित कवि र तिनका पद्यकृतिहरूको अध्ययन
क) सुवानन्ददासका प्रवृत्ति र पृथ्वीनारायण कविता
ख) उदयानन्द अर्ज्यालका प्रवृत्ति र पुरानो बातको अर्जी कविता
ग) यदुनाथ पोखऱ्यालका प्रवृत्ति र स्तुतिपद्य-१ (श्लोक १६-२५)
घ) वसन्त शर्माका प्रवृत्ति र कृष्णचरित्रको पूर्वार्द्ध (श्लोक १-१३)
ङ) भानुभक्त आचार्यका प्रवृत्ति र रामायणको अयोध्याकाण्ड (श्लोक ९३-११२)
च) सन्त ज्ञानदिलदासका प्रवृत्ति र उदयलहरी (श्लोक १-१८)

६) प्राथमिककालीन गद्यसाहित्यको विधागत प्रकार (आख्यान, नाटक, जीवनी, यात्रासाहित्य, निबन्ध) र तिनका स्वरूप, प्रमुख प्रतिभा तथा तिनका कृति

७) प्राथमिक कालका निम्नलिखित गद्यकृतिहरूको अध्ययन
क) शक्तिवल्लभ अर्ज्याल : हास्यकदम्ब
ख) पृथ्वीनारायण शाह : दिव्योपदेशको निर्धारित अंश
ग) भानुदत्त : हितोपदेश मित्रलाभ
घ) मुन्सीका तीन आहान
ङ) भवानीदत्त पाण्डे : मुद्राराक्षसको निर्धारित अंश
च) सुन्दरानन्द बाँडा : अध्यात्मरामायणको निर्धारित अंश
छ) जङ्गबहादुरको बेलायतयात्राको निर्धारित अंश

**एकाइ ३ नेपाली साहित्यको माध्यमिक कालको अध्ययन** ६०
१) युगीन पृष्ठभूमि : शिक्षा, प्रकाशन संस्था र भाषासाहित्यसम्बन्धी गतिविधि
२) माध्यमिककालीन पद्यसाहित्यका धारा, उपधारा, प्रतिभा र प्रवृत्ति
३) माध्यमिक कालका निम्नलिखित कवि र तिनका पद्यकृतिहरूको अध्ययन
क) मोतीराम भट्टका प्रवृत्ति र उनका 'म यसो भनूँ कि उसो भनूँ' (गजल), 'ल्यौ ल्यौ औँठी' (समस्यापूर्ति) र पिकदूत (खण्डकाव्य)
ख) लक्ष्मीदत्त पन्तका प्रवृत्ति र 'कि ऊ जानोस् कि मैं जानूँ' (गजल) को विवेचना
ग) शम्भुप्रसाद ढुङ्ग्यालका प्रवृत्ति र 'शकुन्तला' नाटकको चौथो अङ्कका निर्धारित पद्यहरूको विवेचना
४) माध्यमिककालीन गद्यसाहित्य (नाटक तथा आख्यान) र आख्यानेतर गद्यसाहित्य (जीवनी र निबन्ध) का प्रमुख धारा, प्रतिभा र प्रवृत्तिको विवेचना ।
५) माध्यमिक कालका निम्नलिखित गद्यकार र तिनका कृतिको अध्ययन

क) मोतीराम भट्ट : 'कवि भानुभक्त आचार्यको जीवनचरित्र' को बिवेचना
ख) गिरीशबल्लभ जोशी : 'बीरचरित्र' उपन्यासको बिवेचना
ग) मोतीराम भट्टको प्रियदर्शिका नाटिकाको बिवेचना
घ) पहलमानसिंह स्वार : अटलवहादुर नाटकको बिवेचना
ङ) शम्भुप्रसाद ढुङ्ग्याल : महेन्द्रमल्ली निबन्ध (ईश्वर बरालको 'सयपत्री' बाट) को बिवेचना

पाठ्यपुस्तक

अर्याल, शक्तिवल्लभ, हायकदम्व (पाँच सय वर्षबाट)
उदयानन्द, पुरानो बातको अर्जी (बीरकालीन कविता काव्यबाट)
गोबिन्द प्रसाद शर्मा (सम्पा.), पूर्वआधुनिक नेपाली साहित्य, नेपाली केन्द्रीय विभाग, काठमाडौं ।
जोशी, गिरिशवल्लभ, बीरचरित्र, जगदम्वा प्रकाशन, ललितपुर ।
थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको बिवेचना, त्रि. वि. पा.बि.के. कीर्तिपुर ।
पाण्डे, भानुदत्त पाण्डे, हितोपदेश मित्रलाल (पाँच सय वर्षबाट) ।
बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, एकता प्रकाशन, काठमाडौं ।
भट्ट, मोतीराम, पिकदूत (मोतीराम भट्ट ग्रन्थावलीबाट) ।
भट्ट, मोतीराम, प्रियदर्शिका नाटिका, पाठ्यसामग्री प्रकाशन, काठमाडौं ।
भट्ट, मोतीराम, कवि भानुभक्त आचार्यको जीवन चरित्र, साझा प्रकाशन, ललितपुर ।
शर्मा, रमा (सम्पा.) मोतीराम ग्रन्थावली, नेपाली शिक्षा परिषद्, काठमाडौं ।
स्वार, पहलमानसिंह, अटलबहादुर, साझा प्रकाशन, ललितपुर ।

**सन्दर्भ पुस्तक**

अधिकारी, भद्रवीर, नेपाली कविताका बिकासमा भानुभक्त आचार्यको योगदान, काठमाडौं ।
आचार्य, बाबुराम, पुराना कवि र कविता, साझा प्रकाशन, काठमाडौं ।
उपाध्याय, केशवप्रसाद, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, साझा प्रकाशन, काठमाडौं ।
गिरी, जीवेन्द्रदेव, नेपाली लोकसाहित्यको अबलोकन, एकता प्रकाशन, काठमाडौं ।
गिरी, जीवेन्द्रदेव, हाम्रा लोकगाथा, एकता प्रकाशन, काठमाडौं ।
दिबस, तुलसी, नेपाली लोककथा : केही अध्ययन, नेराप्रप्र, काठमाडौं ।
दीक्षित, कमल (सम्पा), बुइंगल, साझा प्रकाशन, काठमाडौं ।
नेपाल, घनश्याम, नेपाली साहित्यको परिचयात्मक इतिहास, नेपाली साहित्य प्रचार समिति, सिलिगुडी ।
नेपाल, पूर्णप्रकाश 'यात्री', भेरी लोकसाहित्य, नेराप्रप्र, काठमाडौं ।
न्यौपाने, कुसुमाकर, गोपीचन लोकनाटक, स्वयम्भू, काठमाडौं ।
पन्त, जयराज, अँजुलीभरि सगुन, पोल्टाभरि फाग, नेराप्रप्र, काठमाडौं ।
पन्थ, देवकान्त, डोट्याली लोकसाहित्य, त्रि.बि. नेपाल र एसियाली अध्ययन संस्थान ।
पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, वीणा प्रकाशन, काठमाडौं ।
पराजुली, ठाकुरप्रसाद, नेपाली साहित्यको परिक्रमा, विद्या प्रकाशन, काठमाडौं ।
पराजुली, मोतीलाल, नेपालमा प्रचलित नृत्य र नृत्यनाटिका, साझा प्रकाशन, काठमाडौं ।
पराजुली, मोतीलाल, नेपाली लोकगाथा, श्रीमती तारादेबी पराजुली, पोखरा ।
पराजुली, मोतीलाल, सोरठी नृत्यनाटिका, दीक्षान्त पुस्तक प्रकाशन, काठमाडौं ।
पोखरेल, बालकृष्ण, पाँच सय बर्ष, साझा प्रकाशन, काठमाडौं ।
प्रसाई, [illegible]शबहादुर, माध्यमिक कालीन साहित्यको बिवेचना, नेराप्रप्र, काठमाडौं ।
भट्टराई, शरद्चन्द्र शर्मा, नेपाली साहित्यको इतिहास : माध्यमिक काल, त्रि. बि. पाबिके. कीर्तिपुर ।
भट्टराई, शरद्चन्द्र शर्मा, माध्यमिककालीन आख्यान, नेराप्रप्र, काठमाडौं ।

भण्डारी, गोपालप्रसाद, प्राग्भानुभक्तीय नेपाली काव्य, नेराप्रप्र, काठमाडौं ।
शर्मा, जनकलाल, जोसमनी सन्तपरम्परा र साहित्य, नेराप्रप्र, काठमाडौं ।
शर्मा, सुकुम, समालोचक मोतीराम भट्ट, अर्जुन सिटौला, काठमाडौं ।
श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन, काठमाडौं ।
श्रेष्ठ, दयाराम, प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा, त्रि.वि. पाविके, कीर्तिपुर ।

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकाय
डिनको कार्यालय
त्रि. वि., कीर्तिपुर

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

पाठ्यांश शीर्षक : आधुनिक नेपाली निबन्ध, यात्रासाहित्य र अन्य साहित्य
पाठ्यांश कोड : नेपाली ४२४ तह : बी. ए.
प्रतिहप्ता कक्षाभार : ६ वर्ष : दोस्रो
पूर्णांक : १००

१. आधुनिक नेपाली निबन्ध ५०
२. नेपाली यात्रासाहित्य २५
३. अन्य साहित्य २५
जम्मा पूर्णाङ्क १००

पाठ्यांशको उद्देश्य :
प्रस्तुत पाठ्यांशको पठनबाट विद्यार्थीहरूले देहायबमोजिमको ज्ञान तथा कौशल आर्जन गर्नेछन् :

(क) निबन्धका परिभाषा, तत्त्व तथा प्रकारसमेतको सैद्धान्तिक ज्ञानका आलोकमा आधुनिक नेपाली निबन्धको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै प्रमुख प्रतिभाका निबन्धगत प्रवृत्तिको र निबन्धकृतिको विवेचना गर्ने,
(ख) यात्रासाहित्यका सैद्धान्तिक मान्यताका आलोकमा नेपाली यात्रासाहित्यको विकासक्रम, प्रमुख यात्रासाहित्यकार र तिनका यात्रासाहित्यिक कृतिको प्रवृत्तिगत विशेषताको विवेचना गर्ने,
(ग) अन्य साहित्य(संस्मरण, आत्मकथा, जीवनी, पत्रसाहित्य र अन्तर्वार्ता) का सैद्धान्तिक मान्यताका कसीमा नेपाली संस्मरण, आत्मकथा, जीवनी, पत्रसाहित्य र अन्तर्वार्ताका विकासक्रमगत, प्रमुख प्रतिभागत एवं तिनका कृतिगत प्रवृत्ति तथा विशेषताको विश्लेषण गर्ने ।

## एकाइ १ आधुनिक नेपाली निबन्धको अध्ययन ७५

(क) साहित्यिक विधाका रूपमा निबन्धको मुख्य स्वरूप, परिभाषा, तत्त्व र प्रकार
ख) आधुनिक नेपाली निबन्धको विकासप्रक्रियाका चरण, धारा, प्रवृत्ति र प्रमुख प्रतिभा एवं विधागत उपलब्धिको विवेचना,
(ग) प्रमुख निबन्धकार र तिनका निबन्धकृतिको विवेचना
(अ) निर्धारित निबन्धकारहरूको प्रवृत्तिगत मुख्य विशेषताको विवेचना
(आ) निर्धारित निबन्धको पठन, बोध र आस्वादनका साथै वस्तु /अन्तर्वस्तु, भावविचार उद्देश्य, भाषाशैली र अन्य कलात्मक विशेषताका आधारमा तिनको विवेचना
इ) विषयवस्तु, भावविचार, उद्देश्य, भाषाशैली र अन्य कलागत विशेषताका आधारमा निर्धारित निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या ।
ई) निर्धारित निबन्धकार र तिनका निबन्धकृतिहरू
१) लक्ष्मीप्रसाद देवकोटा : शिक्षा,
२) शंकर लामिछाने : जीवन : एक प्राध्यापक,
३) कृष्णचन्द्रसिंह प्रधान : साहित्यको हावापानी,
४) केशवराज पिंडाली : खै खै,
५) भैरव अर्याल : साथी, साथी र साथी
६) मोदनाथ प्रश्रित : मृत्युलाई नजिकैबाट छाम्दा,
७) राममणि रिसाल : दुख किन दुख्ने गर्छ ?
८) कमल दीक्षित : उखान मिलेन
९) नगेन्द्र शर्मा : उखेल्नुपर्ने उखानहरू
१०) किशोर नेपाल : मृत्यु र मनस्थिति
११) तेजेश्वरबाबु ग्वंग : रंगविन्यासहरू,
१२) तीर्थबहादुर श्रेष्ठ : कइरो र धइरो : पारिजात

१३) गंगाप्रसाद उप्रेती : हामी सबै रत्नाकरहरू
१४) राजेन्द्र सुवेदी : म हुँ औंला नकाटिएको एकलव्य ?
१५) दीनानाथ शर्मा : सपनाको संसार
१५) युवराज नयाँघरे : अठार हजार जाबो
१६) श्रीओम श्रेष्ठ रोदन : प्रारम्भ, पुनः प्रारम्भ
१७) शारदा शर्मा : अंशयुद्ध

**एकाइ २ आधुनिक नेपाली यात्रासाहित्यको अध्ययन** ३८

(क) यात्रासाहित्यको स्वरूप, तत्त्व र प्रकार ।

(ख) आधुनिक नेपाली यात्रासाहित्यको विकासप्रक्रियाका चरण, मुख्य प्रवृत्ति, प्रमुख प्रतिभा तथा उपलब्धिको विवेचना ।

(ग) प्रमुख यात्रासाहित्यकार र तिनका कतिको विवेचना

(अ) निर्धारित यात्रासाहित्यकारहरूका प्रवृत्तिगत विशेषताको विवेचना

आ) निर्धारित यात्रासाहित्यिक कृतिको पठन, बोध र आस्वादनका साथै विषयवस्तु, भावविचार, उद्देश्य, भाषाशैली र अन्य कलागत विशेषताका आधारमा तिनको विवेचना

इ) विषय, भावविचार, भाषाशैली र अन्य कलात्मक विशेषताका आधारमा निर्धारित यात्रासाहित्यिक कृतिका विशिष्ट पंक्तिको सप्रसंग व्याख्या

ई) निर्धारित यात्रासाहित्यकार र तिनका कृति

१. लक्ष्मीप्रसाद देवकोटा : पहाडी जीवन
२. तारानाथ शर्मा : बैकिनीका आँशुमा बग्छ बलयपाटा, पातालमा हराउने रोग
३. लैनसिंह बांग्लदेल : युरोपको चिठ्ठी
४. देवीचन्द्र श्रेष्ठ : हुम्ला बोल्दछ मानसरोवरमा
५. पूर्णप्रकाश नेपाल यात्री, भेरीमा पहिलोपल्ट (भेरीका गाउँघरबाट)
६. घनश्याम राजकर्णिकार : चकित पार्ने आधुनिकता, छक्कै पार्ने प्राचीनता
७. दामोदर पुडासैनी : बुर्काभित्रको सुगन्ध, मायालु हुम्ला
८. कृष्ण बजगाईं : रहस्यमयी स्टोनहेन्जको तीन फन्को
९. चन्द्रप्रसाद भट्टराई : इन नदीसँगै डुब्दछ मन
१०. जय छाङ्छा : गायकी बालुवाको काखमा (दोहाको सीधा उडानबाट)

**एकाइ ३ अन्य साहित्यको अध्ययन** ३७

(क) अन्य साहित्य (संस्मरण, आत्मकथा, जीवनी, अन्तर्वार्ता, दैनिकी, पत्रसाहित्य, रिपोर्ताज) को सैद्धान्तिक चिनारी

(ख) आधुनिक नेपाली साहित्यअन्तर्गत अन्य साहित्यका प्रकारहरूको अवस्था, प्रमुख प्रतिभा र मुख्य उपलब्धि

(ग) अन्य साहित्यका निर्धारित लेखकहरूका प्रवृत्तिगत विशेषताको विवेचना

(घ) अन्य साहित्यका निर्धारित रचनाहरूको पठन, बोध र आस्वादनका साथै तिनका वस्तु / अन्तर्वस्तु, भावविचार, भाषाशैली र अन्य अन्य प्रस्तुतिगत कलापक्षका विशेषताको विवेचना

(ङ) विषयवस्तु, भाषाशैली र अन्य कलापक्षसम्बन्धी विशेषताका आधारमा अन्य साहित्यका निर्धारित कृतिहरूका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

(च) अन्य साहित्यका निर्धारित लेखक तथा तिनका कृति

१. बालकृष्ण सम : आत्मकथा (मेरो कविताको आराधन, परिच्छेद ५२, (पृ. २१७ देखि पृ. २१९सम्म)
२. विश्वेश्वरप्रसाद कोइराला : आत्मकथा (आत्मवृतान्त पृ. १५६ देखि पृ. १६१सम्म)

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
मानविकी तथा सामाजिक शास्त्र संकाय डिनको कार्यालय त्रि. वि., कीर्तिपुर
प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर

३. बिश्वेश्वरप्रसाद कोइराला : दैनिकी (जेल जर्नल, फागुन ५ गते, पृ. ८ देखि १३ सम्म)
४. पारिजात : (आत्मकथा) एउटा चित्तमय सुरुवातको प्रथम प्रकरण
५. जनकलाल शर्मा : हिजोको सम्झना आजको सन्दर्भमा (संस्मरण)
६. चूडामणि बन्धु : (देवकोटा), मेरो जन्म हुँदा मेरो महोत्सव थियो (जीवनी)
७ श्यामप्रसाद शर्मा : लोग्नेमानिस र स्वास्नीमानिस (पत्रसाहित्य : बहिनीलाई चिठीबाट)
८. दुर्गाप्रसाद भण्डारी : श्लेष्मान्तक बनभित्र (पत्रसाहित्य : मृगस्थलीबाट)
९. उत्तम कुँवर : महानन्द सापकोटासँगको अन्तर्वार्ता (स्रष्टा र साहित्यबाट)
१०. मन्जुल, शुभप्रभात, शुभप्रभात भन्दै (संस्मरण)
११. निर्मोही व्यास, रित्तिन सक्दिन म (संस्मरण)

पाठ्यपुस्तक

ढकाल, रजनी (सम्पा.) आधुनिक नेपाली निबन्ध, यात्रासाहित्य र अन्य साहित्य, नेपाली केन्द्रीय विभाग ।

सहायक पुस्तक

अर्याल, भैरव (सम्पा.) साझा निबन्ध, साझा प्रकाशन, काठमाडौं ।
अधिकारी, रामलाल, नेपाली निबन्धयात्रा, नेपाली साहित्य सञ्चयिका, दार्जिलिङ ।
एटम, नेत्र, संक्षिप्त साहित्यिक शब्दकोश, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।
छाङ्छा, जय, दोहाको सीधा उडान, साझा प्रकाशन, काठमाडौं ।
त्रिपाठी, बासुदेव, साहित्य सिद्धान्त र शोध तथा सृजनविधि, पाठ्यसामग्री पसल, काठमाडौं ।
नेपाल, पूर्णप्रकाश, भेरीका गाउँघर, रत्नपुस्तक भण्डार, काठमाडौं ।
पौडेल, हेमनाथ (सम्पा.) प्रज्ञा निबन्धसंग्रह, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
प्रधान, प्रमोद, नेपाली निबन्धको इतिहास, रत्नपुस्तक भण्डार, काठमाडौं ।
प्रधान, भिक्टर, नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।
शर्मा, दीनानाथ, झरीको सौन्दर्य, शमी साहित्य प्रतिष्ठान, काठमाडौं ।
शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन, काठमाडौं ।
सुवेदी, पुरुषोत्तम (सम्पा.) प्रज्ञा निबन्धसंग्रह, खण्ड दुई, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

ऐच्छिक विशेष अध्ययन

समूह १ : प्रायोगिक कार्यात्मक विशेष अध्ययन

पाठ्यांश शीर्षक : शोधपत्र

पाठ्यांश कोड : नेपाली ४२५ (क) तह : बी. ए.

प्रतिहप्ता कक्षाभार : ३ वर्ष : तेस्रो

पूर्णांक : ५०

पाठ्यांशको उद्देश्य

यस पाठ्यांशबाट विद्यार्थीहरूले शोधकार्यका लागि शीर्षक चयन, शोधप्रस्ताव लेखन, सामग्री संकलन, संकलित सामग्रीको वर्गीकरणका साथै तिनको विश्लेषणका माध्यमबाट सामान्यीकरण गर्ने व्यावहारिक सीप तथा कौशल प्राप्त गर्नेछन् ।

एकाइ एक : शोधपत्र

क) शीर्षक चयन : (सम्बद्ध विभागबाट नेपाली भाषा, साहित्य वा लोकसाहित्यमध्ये कुनै एक विषयक्षेत्रबाट शीर्षकको चयन),

ख) शोधप्रस्तावको लेखन : (शीर्षक स्वीकृत भएपछि सो शीर्षकबारेको शोधप्रस्ताव निर्धारित ढाँचामा लेख्ने र सोही विषयक्षेत्रसँग सम्बद्ध कम्तीमा १००० शब्दको नमुना लेख तयार पारी विभागमा प्रस्तुति),

ग) विभागले तोकेको शोधनिर्देशकका रेखदेखमा रही सैद्धान्तिक अध्ययनसहित सामग्रीको सङ्कलन, विश्लेषण र सामान्यीकरणका आधारमा शोधकार्य गरी शोधपत्रको मस्यौदा तयारी,

घ) शोधनिर्देशकको परामर्शअनुसार संशोधन तथा परिष्कार-परिमार्जन गरी निजको स्वीकृतिपछि ४ प्रति शोधपत्रको टङ्कन,

ङ) रुजु र टङ्कनशुद्धि पछि गातावन्दी र निर्धारित शुल्कसहित ३ प्रति शोधपत्र विभागमा दर्ता,

च) विभागबाट एक महिनाभित्र बाह्य परीक्षकद्वारा मूल्याङ्कन गराई मौखिक परीक्षासमेतका आधारमा शोधपत्र मूल्याङ्कनको अन्तिम व्यवस्था ।

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर

डीनको कार्यालय कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर त्रि. वि.

ऐच्छिक विशेष अध्ययन

समूह १ : प्रायोगिक कार्यात्मक विशेष अध्ययन

सृजनात्मक पत्र

पाठ्यांश शीर्षक :

पाठ्यांश कोड : नेपाली ४२५ (ख) तह : बी. ए.

प्रतिहप्ता कक्षाभार : ३ वर्ष : तेस्रो

पूर्णांक : ५०

पाठ्यांशको उद्देश्य

यस पाठ्यांशबाट विद्यार्थीहरूले साहित्यका विभिन्न विधाको प्रवृत्तिगत विशेषताबारेको सैद्धान्तिक पूर्व जानकारीका आलोकमा सृजनाका व्यावहारिक पक्ष र विधागत वैशिष्ट्यअनुसार सिर्जनात्मक ज्ञान, कौशल र सीपको आर्जन गर्नेछन् ।

एकाइ एक : नेपाली सृजनात्मक लेखन

क) विभागमा नमुना कृतिसहित सृजनात्मक लेखनको प्रस्ताव दर्ता, सम्बद्ध बिभागबाट त्यसको मूल्याङ्कनसहित सृजनापत्र निर्देशकको व्यवस्था,

ख) शीर्षक र विधा चयनपछि निर्देशकबाट त्यसको स्वीकृति,

ग) चयन गरिएको विधामा नमुना पठन र अनुकृतिलेखन,

घ) सृजनात्मक लेखनका निम्ति सामग्री, ढाँचा र शैलीगत तयारी, प्रथम मस्यौदा लेखन तथा परिमार्जन र अन्तिम साफी,

ङ) टङ्कन, प्रुफसंशोधन र गाताबन्दी, विभागमा ५० पृष्ठजतिको ३ प्रति सृजनात्मक पत्रको परीक्षण एवं मूल्याङ्कनका निम्ति निर्धारित शुल्कसहित विभागमा दर्ता,

च) विभागबाट एक महिनाभित्र बाह्य विशेषज्ञद्वारा विभागीय मौखिक परीक्षाका आधारमा मूल्यांकन ।

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

ऐच्छिक विशेष अध्ययन

समूह १ : प्रायोगिक कार्यात्मक विशेष अध्ययन

पाठ्यांश शीर्षक : नेपाली वाक्कला

पाठ्यांश कोड : नेपाली ४२५ (ग) तह : बी. ए.

प्रतिहप्ता कक्षाभार : ३ वर्ष : तेस्रो

पूर्णांक : ५०

पाठ्यांशको उद्देश्य

यस पाठ्यांशबाट विद्यार्थीहरूले वाक्कलाको सैद्धान्तिक आधार, वाक्कलासित सम्वद्ध विभिन्न पक्षको प्रस्तुतिगत ढाँचा र प्रयोक्ताको भूमिकाबारे आधारभूत ज्ञानका साथै भाषण, प्रवचन, वादविवाद, उद्घोषण, समाचार वाचन, प्रत्यक्ष तथा अप्रत्यक्ष प्रसारण जस्ता वाक्कलाका विषयक्षेत्रको प्रायोगिक ज्ञान, कौशल र सीपको आर्जन गर्नेछन् ।

३७

**एकाइ एक : वाक्कला : विधि र सिद्धान्त**

क) वाक्कलाको अर्थ र परिभाषा,

ख) वाक्कलाको क्षेत्र र अन्य शाखासँग सम्बन्ध : भाषाविज्ञान, काव्यशास्त्र, अभिव्यक्ति सिद्धान्त, सम्प्रेषण सिद्धान्त, र मनोविज्ञान ।

ग) वाक्कलाका विविध पक्षहरू : वक्ता, श्रोता, विषय, सम्प्रेषण र सरणि (च्यानेल)

घ) आदर्श वाक्कलाका आदर्श गुणहरू : सरलता, सहजता, तार्किकता, प्रवाहमयता, उपयुक्तता, शुद्धता, सम्प्रेषणीयता

ङ) वाक्कलासँग सम्वद्ध विभिन्न पक्ष (भाषण, प्रवचन, वादविवाद, उद्घोषण, समाचार वाचन, प्रत्यक्ष तथा अप्रत्यक्ष प्रसारण) र तिनका प्रस्तुतिगत ढाँचा तथा प्रयोक्ताको भूमिका

३८

**एकाइ दुई : वाक्कलाको प्रयोग र अभ्यास**

क) विभिन्न भाषणको अभ्यास

ख) विभिन्न प्रवचनको अभ्यास

ग) विभिन्न वादविवादको अभ्यास

घ) विभिन्न वक्तृताको अभ्यास

ङ) विभिन्न उद्घोषणको अभ्यास

च) विभिन्न समाचार वाचनको अभ्यास

छ) विभिन्न प्रत्यक्ष प्रसारण अभ्यास

ज) कार्यक्रम संयोजनसम्वन्धी अभ्यास

(टिप्पणी : एकाइ एकबाट २५ पूर्णाकको आन्तरिक मूल्यांकन र एकाइ दुईबाट २५ पूर्णाकको प्रायोगिक कार्य गर्नुपर्नेछ । प्रायोगिक कार्यको मूल्यांकन सम्वद्ध विषय शिक्षक, विभागीय प्रमुख र बाह्य विशेषज्ञसहितको मूल्यांकनसमितिबाट हुनेछ ।)

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

## ऐच्छिक विशेष अध्ययन

समूह २ : विधागत विशेष अध्ययन
पाठ्यांश शीर्षक : आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण
पाठ्यांश कोड : नेपाली ४२५ (घ)
प्रतिहप्ता कक्षाभार : ३

तह : बी. ए.
वर्ष : तेस्रो
१. आधुनिक नेपाली कविता (काव्यसमेत) ३५
२. आधुनिक नेपाली खण्डकाव्य १५
पूर्णाङ्क ५०

पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको पठनबाट विद्यार्थीहरूले देहायबमोजिमको ज्ञान तथा कौशल आर्जन गर्नेछन् :

(क) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरणको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै उत्तरवर्ती चरणका प्रमुख कविहरूका काव्य प्रवृत्ति र कविता सिद्धान्तका आधारमा तिनका फुटकर कविताको विवेचना गर्ने,

(ख) आधुनिक नेपाली खण्डकाव्यको उत्तरवर्ती चरणको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै प्रमुख खण्डकाव्यकारका खण्डकाव्यगत प्रवृत्ति र खण्डकाव्य सिद्धान्तका आधारमा तिनका खण्डकाव्यकृतिहरूको विवेचना गर्ने ।

एकाइ एक : आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण (२०३६ पछि) ५२

१) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण : परम्परा र नवप्रयोग
   क) आधुनिक नेपाली कविताका परम्परागत धारा (परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारा) को निरन्तरता, प्रमुख प्रतिभा र उपलब्धिको विवेचना,
   ख) उत्तरवर्ती चरण (२०३६ यता) का नवप्रयोग, प्रमुख प्रवृत्ति र प्रतिभा
२) उत्तरवर्ती चरणका निर्धारित प्रमुख कविहरूको प्रवृत्तिगत विशेषता
३) निर्धारित कविताको पठन, बोध र आस्वादनका साथै तिनका विषयवस्तु र मूल भाव-विचार, कथनपद्धति र संरचना, लयविधान र भाषाशैली तथा प्रस्तुतिगत अन्य कलात्मक विशेषताको विवेचना
४) भाव-विचार, लय, भाषाशैली र अन्य कलात्मक विशेषताका आधारमा निर्धारित कविताका विशिष्ट पक्तिको सप्रसंग व्याख्या

### निर्धारित कवि र कविता

१. भरतराज पन्त : मृत्यु
२. भानुभक्त पोखरेल : देशभक्तिको
३. कृष्णभक्त श्रेष्ठ : अभिशप्त मान्छे
४. शैलेन्द्र साकार : सर्पहरू गीत सुन्दैनन्
५. रामचन्द्र भट्टराई : काली
६. तोया गुरुङ : धेरै टाढाकी प्रियतमालाई
७. मन्जु काँचुली : अभ्यास
८. मन्जुल : आज राति आकाश
९. विश्वविमोहन श्रेष्ठ : नानीहरू आकाशको निर्माणमा लाग्नेछन्
१०. मनु मन्जिल : ल्याम्प पोस्ट
११. विष्णुविभु घिमिरे : हरायो

शैक्षिक परिषद्को कार्यालय कीर्तिपुर
त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
मानविकी तथा सामाजिक शास्त्र संकाय डिनको कार्यालय त्रि. वि., कीर्तिपुर

१२. तीर्थ श्रेष्ठ : अन्नपूर्ण वरिपरि
१३. पूर्णविराम : गोविन्दले ठीक भन्यो
१४. उषा भट्टचन : महत्त्वाकाङ्क्षा निरन्तर रित्तिँदै छ बूढो सारङ्गीजस्तै
१५. उपेन्द्र सुब्बा : भोकको भोक
१६. विक्रम सुब्बा : तिमी को हौ ? तिमी के हौ ?
१७. आहुति : गहुँगोरो अफ्रिका
१८. रमेश श्रेष्ठ : अर्को महाभिनिष्क्रमणको तयारी
१९. प्रल्हाद पोखरेल : युवा
२०. श्रवण मुकारुङ : बिसे नगर्चीको बयान
२१. विप्लव ढकाल : कालो मध्यान्तर
२२. वासुदेव अधिकारी : आगाको ढुकुटी फोर्छु

एकाइ दुई : आधुनिक नेपाली खण्डकाव्य र लामो कविताको उत्तरवर्ती चरण २३

१) आधुनिक नेपाली खण्डकाव्य र लामो कविताको उत्तरवर्ती चरण : परम्परा र नवप्रयोग
   क) आधुनिक नेपाली खण्डकाव्य र लामो कविताका परम्परागत धारा (परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारा) को निरन्तरता, प्रमुख प्रतिभा र उपलब्धिको विवेचना,
   ख) उत्तरवर्ती चरण (२०३६ यता) का नवप्रयोग, प्रमुख प्रवृत्ति र प्रतिभा
२) उत्तरवर्ती चरणका निर्धारित प्रतिनिधि काव्यकारहरूको प्रवृत्तिगत विशेषताको सामान्य परिचय
३) निर्धारित काव्यको पठन, बोध र आस्वादनका साथै तिनका विषयवस्तु र मूल भाव-विचार, कथनपद्धति र संरचना, लयविधान र भाषाशैली तथा प्रस्तुतिगत अन्य कलात्मक विशेषताको विवेचना ।
४) भाव-विचार, लय, भाषाशैली र अन्य कलात्मक विशेषताका आधारमा निर्धारित काव्यका विशिष्ट पंक्तिको सप्रसङ्ग व्याख्या

गौतम

**निर्धारित काव्यकार र काव्य (लामो कवितासमेत)**

१. दिनेश अधिकारी : इन्द्रजात्रा
२. सरुभक्त : कापुरुष
३. कृष्णसेन इच्छुक : बन्दी र चन्द्रागिरि
४) रमेश श्रेष्ठ : तमसुक

प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर

**पाठ्यपुस्तक**

नेपाली कविता भाग-३, साझा प्रकाशन, काठमाडौं ।
अधिकारी, दिनेश, इन्द्रजात्रा, साझा प्रकाशन, काठमाडौं ।
इच्छुक, कृष्णसेन, 'बन्दी र चन्द्रागिरि', इच्छुक रचनावली (भाग १), इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं ।
सरुभक्त, का पुरुष, जनमत प्रकाशन, काभ्रे ।
रमेश श्रेष्ठ, तमसुक (चोक र तमसुक संग्रह), सारांश नेपाल, पोखराबाट)

**सहायक/सन्दर्भ पुस्तक**

आले, हरेन, नव आधुनिक नेपाली कविता, श्याम ब्रदर्स, दार्जिलिङ ।
कोइराला, मोहन (सम्पा), आजका नेपाली कविता, नेराप्रप, काठमाडौं ।

गौतम, लक्ष्मणप्रसाद, समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण, साझा प्रकाशन, काठमाडौं ।
ज्ञवाली, ईश्वरचन्द्रसमेत (सम्पा.), कृष्णसेन इच्छुक स्मृतिग्रन्थ, अखिल नेपाल जनसांस्कृतिक महासंघ, काठमाडौं ।
नेपाल प्रज्ञा प्रतिष्ठान, प्रज्ञा आधुनिक नेपाली कविता, (२०७४) ।
नेपाल प्रज्ञा प्रतिष्ठान, प्रज्ञा समकालीन प्रतिनिधि कबिता भाग दुई, (२०७०) ।
परिश्रमी, घनश्याम न्यौपाने, गज
ल सौन्दर्य मीमांसा ।
पौडेल, हेमनाथ, प्रगतिवादी दृष्टिमा कवि र कविता, पैरबी प्रकाशन, काठमाडौं ।
भट्टराई, गोविन्दप्रसाद, काव्यिक आन्दोलनको परिचय, साझा प्रकाशन, काठमाडौं ।
लुइटेल, खगेन्द्रप्रसाद, कवितासिद्धान्त र नेपाली कविताको इतिहास, नेराप्रप्र, काठमाडौं ।
शर्मा, तारानाथ, समसामयिक साझा कविता, साझा प्रकाशन, काठमाडौं ।
सुवेदी, अभि (सम्पा.), समकालीन नेपाली कविता, नेराप्रप, काठमाडौं ।

गौतम

प्रमुख परिसरको कार्यालय
कीर्तिपुर

त्रि. वि., कीर्तिपुर

ऐच्छिक विशेष अध्ययन

समूह २ : विधागत विशेष अध्ययन
पाठ्यांश शीर्षक : आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरण
पाठ्यांश कोड : नेपाली ४२५ (ङ) तह : बी. ए.
प्रतिहप्ता कक्षाभार : ३ वर्ष : तेस्रो

१. आधुनिक नेपाली कथा ३०
२. आधुनिक नेपाली उपन्यास २०
पूर्णाङ्क ५०

पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको पठनबाट विद्यार्थीहरूले देहायबमोजिमको ज्ञान तथा कौशल आर्जन गर्नेछन् :

(क) आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै उत्तरवर्ती चरणका प्रमुख कथाकारका कथागत प्रवृत्ति र कथा सिद्धान्तका आधारमा तिनका कथाकृतिहरूको विवेचना गर्ने,
(ख) आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणको विकासप्रक्रियागत प्रवृत्तिको निरूपणका साथै प्रमुख उपन्यासकारका औपन्यासिक प्रवृत्ति र उपन्यास सिद्धान्तका आलोकमा तिनका उपन्यासहरूको विवेचना गर्ने ।

**एकाइ एक** : आधुनिक नेपाली कथाको उत्तरवर्ती चरण (२०३६ पछि) ४५

१) आधुनिक नेपाली कथाको उत्तरवर्ती चरण : परम्परा र नवप्रयोग
 क) आधुनिक नेपाली कथाका परम्परागत धारा (आदर्शवादी, यथार्थवादी, मनोविश्लेषणवादी, अस्तित्ववादी र विसङ्गतिवादी धारा) को निरन्तरता, प्रमुख प्रतिभा र उपलब्धिको विवेचना,
 ख) उत्तरवर्ती उत्तरवर्ती चरण (२०३६ यता) का नवप्रयोग, प्रवृत्ति, र प्रमुख प्रतिभा,
२) उत्तरवर्ती चरणका निर्धारित प्रमुख कथाकार (लघुकथाकारसमेत) हरूको प्रवृत्तिगत विशेषताको विवेचना,
